# प्रदेश लोक सेवा आयोग

**बागमती प्रदेश, हेटौंडा**

**प्रशासन तथा सूचना प्रकाशन शाखा**

**स्थानीय तहका विभिन्न सेवा, समूहका प्राविधिक (स्वास्थ्य सेवा बाहेक) तर्फका पाँचौं तहका पदहरूको**

## खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ५०/०७८-७९ प्रकाशन मितिः२०७८/८/१३**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ को व्यवस्था बमोजिम स्थानीय तहमा रिक्त पदहरूको खुला र समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.bagamati.gov.np मार्फत् आवेदन दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकताक्रम अनुसार स्थानीय तह तोकी सिफारिस गरिनेछ। यसरी सिफारिस भएका उम्मेदवारहरूलाई सम्बन्धित स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन्। सेवाका सर्त, तलव तथा अन्य सुविधा सम्बन्धित स्थानीय तहको कानून बमोजिम हुनेछ।

| क्र.सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५०१/०७८-७९ | खुला | तथ्याङ्क सहायक | ५ | आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | | १ | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | १ |
| २ | ५०२/०७८-७९ | खुला | सव इन्जिनियर | ५ | इञ्जिनियरिङ्ग | सिभिल | | ५ | रामेछाप नगरपालिका, रामेछाप | १ |
| | | | | | | | | | विदुर नगरपालिका, नुवाकोट | २ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| | | | | | | | | | हेटौंडा उपमहानगरपालिका, मकवानपुर | १ |
| ३ | ५०३/०७८-७९ | महिला | सव इन्जिनियर | ५ | इञ्जिनियरिङ्ग | सिभिल | | ३ | सुनापति गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | विदुर नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | | | माडी नगरपालिका, चितवन | १ |
| ४ | ५०४/०७८-७९ | खुला | प्राविधिक सहायक | ५ | कृषि | कृषि प्रसार | | १० | रामेछाप नगरपालिका, रामेछाप | १ |
| | | | | | | बाली विकास | | | कालिका नगरपालिका, चितवन | १ |
| | | | | | | | | | राप्ती नगरपालिका, चितवन | १ |
| | | | | | | | | | लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | विदुर नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | | | हरिहरपुरगढी गाउँपालिका, सिन्धुली | १ |
| | | | | | | | | | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | हेटौंडा उपमहानगरपालिका, मकवानपुर | १ |
| | | | | | | | | | गोकुलगंगा गाउँपालिका, रामेछाप | १ |
| ५ | ५०५/०७८-७९ | खुला | पशु स्वास्थ्य प्राविधिक | ५ | कृषि | भेटेरिनरी | | ६ | लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | हेलम्बु गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | गोकुलगँगा गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | विदुर नगरपालिका, नुवाकोट | १ |
| | | | | | | | | | हरिहरपुरगढी गाउँपालिका, सिन्धुली | १ |
| | | | | | | | | | मेलम्ची नगरपालिका, सिन्धुपाल्चोक | १ |
| | | | पशु सेवा प्राविधिक | | | ला.पो.डे.डे. | | ३ | नौकुण्ड गाउँपालिका, रसुवा | १ |
| | | | | | | | | | लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | १ |

| क्र. सं. | बि.नं. | किसिम | पद | तह | सेवा | समूह | उपसमूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ५०६ /०७८-७९ | खुला | कम्प्युटर अपरेटर | ५ | विविध | | | २ | दोरम्बा गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | हेटौंडा उपमहानगरपालिका, मकवानपुर | १ |
| ७ | ५०७ /०७८-७९ | खुला | प्राविधिक सहायक | ५ | शिक्षा | शिक्षा प्रशासन | | ५ | बलेफी गाउँपालिका, सिन्धुपाल्चोक | १ |
| | | | | | | | | | गंगाजमुना गाउँपालिका, धादिङ्ग | १ |
| | | | | | | | | | रामेछाप नगरपालिका, रामेछाप | १ |
| | | | | | | | | | सुनापति गाउँपालिका, रामेछाप | १ |
| | | | | | | | | | विदुर नगरपालिका, नुवाकोट | १ |

**परीक्षाको किसिम** : लिखित, कम्प्युटर सीप परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र** : हेटौंडा।

**दरखास्त दस्तुर** : प्रत्येक विज्ञापनका लागि रु.७००। -(सात सय) दरखास्त दस्तुर बुझाउनु पर्नेछ ।
समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रति समूहका लागि थप रु. ३००/-(तीन सय) का दरले थप दस्तुर बुझाउनु पर्नेछ।

**दरखास्त दस्तुर बुझाउने अवधि** : अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि** : अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**दरखास्तको माध्यम** : विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ।
अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण आयोगको वेव साइट ppsc.bagamati.gov.np बाट हेर्न सकिनेछ।

**अपलोड गर्नुपर्ने कागजातहरु** : उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्रहरू अनलाईन दरखास्त प्रणालीमा तोकिएको स्थानमा PDF Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारहरूले आफ्नो फोटो, दस्तखतको नमूना र नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडीको भाग स्क्यान गरी JPG Format (Maximum size 500KB) मा अपलोड गर्नु पर्नेछ।

**दरखास्त दिने अन्तिम मिति** : २०७८/०९/०४ गते सम्म र दोब्बर दस्तुर तिरी २०७८/९/११ गते सम्म।

**उम्मेदवारको उमेरको हद** :

- निजामती सेवा तर्फका पदहरूको हकमा २०७८/०९/०४ गते सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।
- बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता हुने मिति र स्थान** : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरण** : स्थानीय तहको कानून बमोजिम।

**तलब तथा सेवा सुविधा** : स्थानीय तहको प्रचलित कानून बमोजिम।

- **लिखित परीक्षा कार्यक्रम:**

| विज्ञापन नम्बर | पद/सेवा/समूह/उपसमूह | तह | परीक्षा मिति र समय<br>प्रथम चरण<br>प्रथम पत्र |
|---|---|---|---|
| ५०१/०७८-७९ (खुला) | तथ्याङ्क सहायक/आ.यो. तथा तथ्याङ्क/तथ्याङ्क | ५ | २०७८/१०/९ गते आइतबार अपरान्ह ४:३० बजे |
| ५०७/०७८-७९ (खुला) | प्राविधिक सहायक/शिक्षा/शिक्षा प्रशासन | ५ | २०७८/१०/१४ गते शुक्रबार अपरान्ह ४:३० बजे |
| ५०२-५०३/०७८-७९ (खुला तथा समावेशी) | सब इञ्जिनियर/इञ्जिनियरिङ/सिभिल | ५ | २०७८/१०/१५ गते शनिबार अपरान्ह ४:३० बजे |
| ५०४/०७८-७९ (खुला) | प्रा.स./कृषि/ | ५ | २०७८/१०/२१ गते शुक्रबार अपरान्ह ४:३० बजे |
| ५०५/०७८-७९ (खुला) | प.स्वा.प्रा./प.से.प्रा./कृषि/भेटेरिनरी/ला.पो.डे.डे. | ५ | २०७८/१०/२२ गते शनिबार अपरान्ह ४:३० बजे |
| ५०६/०७८-७९ (खुला) | कम्प्युटर अपरेटर/विविध | ५ | २०७८/१०/२३ गते आइतबार अपरान्ह ४:३० बजे |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता (खुला तथा समावेशीको लागि)**

**आर्थिक योजना तथा तथ्याङ्क/तथ्याङ्क/तथ्याङ्क सहायकः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा गणित विषय सहित कुनै विषयमा स्नातक वा सो सरह उत्तीर्ण"

**इञ्जिनियरिङ्ग/सिभिल/सब इञ्जिनियरः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट न्युनतम सिभिल इञ्जिनियरिङ्ग विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

**कृषि/भेटेरिनरी/ला.पो.डे.डे./प.स्वा.प्रा./प.से.प्रा.:**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी वा एस.ई.ई. मा न्यूनतम "सि" ग्रेड प्राप्त गरी न्यूनतम एक वर्षे जे.टी.ए. (पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य) तालिम प्राप्त वा कृषि (पशुपालन, पशु स्वास्थ्य) विषय लिई टि.एस.एल.सी. उत्तीर्ण"

**कृषि/प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एगृ. एक्सटेन्सन, स्वायल साइन्स र एगृ.इको.एण्ड मार्केटिङ्ग/ प्राविधिक सहायकः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी.एगृ.) उत्तीर्ण वा एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई. मा "सि" ग्रेड प्राप्त गरी वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिज्ञ प्रमाणपत्र) उत्तीर्ण"

**विविध/कम्प्युटर अपरेटरः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त ।"

**शिक्षा/शिक्षा प्रशासन/प्राविधिक सहायकः**

"मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण"

**खुला/समावेशी परीक्षाको लागि विशेष सूचना**

१. प्रचलित निजामती सेवा तर्फका पदहरूको हकमा निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२. प्रथम चरण र द्वितीय चरण गरी दुई चरणमा परीक्षा हुने पदहरूको लागि प्रथम चरणमा उत्तीर्ण गरेको उम्मेदवारहरूलाई मात्र द्वितीय चरणमा सहभागी गराइनेछ।

३. लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि स्थानीय तहहरूको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ। प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्य उम्मेदवारले रोजेर बाँकी भएको स्थानको पदमा सिफारिस गरिनेछ।

४. समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

५. स्थायी वहालवाला कर्मचारीले समान पदमा दरखास्त दिन पाउने छैन ।

६. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै स्वयम् आयोगको कार्यालयमा उपस्थित भई आवेदन गर्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

७. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

८. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

९. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

१०. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नु पर्नेछ । उम्मेदवारको दरखास्त फाराम स्वीकृत/अस्वीकृत तथा नतिजा सम्बन्धी विवरण सिधै मोवाइल मार्फत् जानकारी गराईने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार आफैं हुनुपर्नेछ ।

११. विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ ।

१२. यस सूचना बमोजिम तोकिएको माग पदको सङख्यामा दोहोरो माग कायम हुन आएको देखिएमा माग पदमा संशोधन हुन सक्नेछ।

१३. दरखास्त बुझाउने अन्तिम मिति २०७८/०९/०४ गतेसम्म बागमती प्रदेशका स्थानीय तहहरूबाट थप माग आकृति फाराम भरी प्राप्त हुन आएमा विज्ञापन भएका पदहरूमा थपघट गर्न सकिनेछ ।